# उदयपुरगढी गाउँपालिका

जिल्ला, उदयपुर, १ नं. प्रदेश, नेपाल

## स्थानीय राजपत्र

खण्डः ३, सङ्ख्याः १४, भागः २,पारित मितिः २०७६ भाद्र ५


# भकारो सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

**पृष्ठभूमि**

नेपाल भौगोलिक रूपमा बिकट पहाडी मूलुक भएको र कृषि प्रधान मुलुक भएको परिप्रेक्ष्यमा माटोको उर्बरा शक्ति कायम गरि दिगो कृषि विकास गरि खाद्यान्नमा आत्मनिर्भर गर्ने कार्य चुनौतिपुर्ण रहेको छ । यस चुनौतिको सामना गर्न बिरूवालाई आवश्यक खाद्यतत्व प्रर्याप्त मात्रामा पुर्ति गर्न प्राङ्गारिक र रसायनिक श्रोत भएको र बर्षेनी कृषकहरू रसायनिक मल समयमा उपलब्ध नहुनु, त्यसमा पनि पहाडी जिल्लाहरूमा रसायनिक मल ढुवानीमा समस्या पर्नुका साथै महंगो पर्ने भएकोले मध्य पहाडि जिल्लाहरूमा अभियानमुलक भकारो सुधार कार्यक्रम संचालन गरि प्राङ्गारिक मलको गुणस्तर विकास गर्न अति आबश्यक भएको छ ।

आ.ब.२०७०/७१ को बजेट बक्तब्यको दफा ८४ मा उल्लेख भए बमोजिम कम्पोष्ट मलको उत्पादन र उपयोग बढाई माटोको उर्बराशक्तिमा सुधार ल्याउन गोठ सुधारकार्यक्रमलाई यस बर्ष ४० जिल्लामा बिस्तार गर्ने उल्लेख भए बमोजिम यो कार्यबिधि प्रस्ताब गरिएको छ ।

दिगो रूपमा माटोको उर्बरा शक्ति कायम राख्न परम्पारागत तरिकामा उत्पादन भैरहेको प्राङ्गारिक मलको मुख्य श्रोत गाई, बस्तुको मल मूत्र नै हो । गाई बस्तुको मल तथा मूत्रमा भैरहेको खाद्यतत्वलाई बचाउन र गुणस्तर बृद्धि गर्न भकारो



सुधार एक प्रमुख कार्य भएको र यस अभियानबाट प्रङ्गारिक अभियानमा समेत महत्वपुर्ण योगदान दिन सक्ने भएको यथार्ततालाई समेत मध्यनजर गरि यो प्रस्ताब सहयोगी हुने भएको र बर्तमान समयको माग अनुरूपको उत्पादन गर्न तथा रसायनिक प्रभावबाट केहि हद सम्म मुक्त गरि पर्यावरण तथा वातावरणमा समेत महत्वपुर्ण भूमिका खेल्ने भएकोले नेपाल सरकारले देहायको कार्यविधि स्विकृत गरि लागू गरेको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस कार्यविधिको नाम “भकारो सुधार कार्यक्रम संचालन कार्यबिधि, २०७६” रहेको छ ।

(२) यो कार्यविधि उदयपुरगढी गाँउपालीकाबाट स्वीकृती भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा :(

(क) “क्लस्टर (Cluster)” भन्नाले एउटै क्षेत्र भित्र एक वा दुई जोडिएका वडाहरू अन्तर्गतको कृषकहरूको समूह सम्झनु पर्छ ।

(ख) “कृषि विकास समिति” (ADC) भन्नाले उदयपुरगढी गाँउपालीकामा कृषि विकासको अवधारणा बमोजिम पालीका स्तरमा निक्षेपित कृषि बिकास सम्बन्धि कार्यक्रम संचालनमा सहजिकरणकालागि गठित समिति सम्झनु पर्छ ।

(ग) “कार्यालय” भन्नाले उदयपुरगढी गाँउपालीकाको कार्यालय कृषि विकास शाखा सम्झनु पर्छ ।

**३. कार्यक्रम संचालनको उद्देश्य**

यस कार्यबिधि अनुसार कार्यक्रमको देहाय बमोजिम उद्वेश्य हुनेछ ।

(क) गुणस्तरिय गोठेमलको उत्पादन तथा प्रयोग मार्फत प्रांगारिक उत्पादनलाई जोड दिने,

(ख) रसायनिक मलको प्रयोग कम गरि कृषि उत्पादन लागत घटाउने ,

(ग) दिगो कृषि विकास गरि खाद्य सुरक्षामा योगदान पुर्‍याउने ।

# परिच्छेद-२

## कार्यक्रम संचालन प्रकृया

**४. कार्यक्रम संचालन गरिने स्थान छनौट**

उदयपुरगढी गाँउपालीकाको बार्षिक स्विकृत कार्यक्रममा उल्लेख भए बमोजिम हुनेछ। आ.ब. २०७६/७७ को लागि उदयपुरगढी गाँउपालीकाबाट कार्यक्रम संचालनका लागि छनौट भएका वडाहरू अनुसुचि-१ बमोजिम छन्।

**५. कार्यक्रम संचालन गरिने संख्या निर्धारण**

उदयपुरगढी गाँउपालीकाको बार्षिक स्विकृत कार्यक्रम र उदयपुरगढी गाँउपालीकालाई संघिय सरकारवाट प्राप्त कृषि तर्फको सशर्त कार्यक्रममा उल्लेख भए बमोजिम हुनेछ। आ.ब. २०७६/७७ को लागि उदयपुरगढी गाँउपालीकाबाट कार्यक्रम संचालनका लागि निर्धारण भएका संख्याहरू अनुसुचि-१ बमोजिम छन्।

**६. कार्यक्रम संचालनका लागि गाँउ बिकास समिति तथा कृषक छनौटका आधार र संचालन प्रकृया देहाय बमोजिम हुनेछ :**

(क) कार्यक्रम संचालनका लागि उदयपुरगढी गाँउपालीकाको वडाहरूको छनौट गाँउपालीकाको कृषि बिकास शाखाले गर्नेछ।

(ख) वडा कार्यालयको क्षेत्रको छनौट अनुरूप वडा कार्यालयको समिति तथा गैह्र सरकारी संस्थाको लगानि बाट भकारो सुधार कार्यक्रम संचालनमा प्रतिबद्धता गर्ने पालीका भित्रका वडा समितिलाई प्राथमिकता दिई छनौट गरिने छ।

(ग) गाँउपालीका भित्रका वडाहरूको छनौट पस्चात कार्यक्रम संचालनका लागी पालीका स्तरमा गठीतकृषि विकास समिती मार्फत गरिनेछ। सोहि समिती मार्फत भकारो सुधारका लागि घरधुरिको छनौट गरिनेछ। घरधुरि छनौट गर्दा पशुपालन तथा व्यबसायिक कृषि पकेट क्षेत्र लाई लक्षित गरि गरिनेछ।

(घ) कृषक घरधुरिहरूको छनौट उदयपुरगढी गाँउपालीकाको कृषि विकास समितिले वडा कार्यालयका जनप्रतिनिधिहरू संगको सहकार्य बा वडा कार्यालयको सेवा केन्द्रको सहयोगमा क्लस्टर (Cluster) बनाई एकै ठाउमा पर्ने गरि गर्नु पर्ने छ।



(ङ) छनौट भएका घरधुरिको जानकारि समितिले उदयपुरगढी गाँउपालीका कृषि विकास शाखामा पेश गर्ने छ। उदयपुरगढी गाँउपालीका कृषि विकास शाखाले सोको जानकारि सम्बन्धित माटो परिक्षण प्रयोगशाला तथा माटो ब्यवस्थापन निर्देशनालय लाई पठाउनु पर्ने छ।

(च) क्लस्टर क्षेत्र (Cluster area) मा कार्यक्रम संचालन गर्न चाहने कृषकको संख्या लक्ष्य भन्दा बढि भएको खण्डमा दलित, जनजातिलाई प्राथमिकता दिई समितिले सिफारिस गरे बमोजिमका कृषकहरूलाई प्राथमिकता दिई सन्चालन गरिने र कृषकको संख्या लक्ष्य भन्दा कम भएको खण्डमा दुई वटा सम्म क्लष्टर मिलाई कार्यक्रम संचालन गरिने छ।

**७. Focal person तोक्नु पर्ने**

भकारो सुधार कार्यक्रमलाई प्रभावकारि रूपमा संचालन गर्न र आबस्यक प्राबिधिक सहयोग गर्नका लागि उदयपुरगढी गाँउपालीका कृषि बिकास शाखाले एकजना कृषि प्राविधिक कर्मचारीलाई Focal person को रूपमा तोक्नु पर्ने छ।

**८. न्युनतम मापदण्ड पुरा हुनु पर्ने**

भकारो सुधार गर्दा कम्तिमा पनि ३ वटा पशुका लागि भुँइबाट गहुँत नचुहिने गरी पक्कि गरिनु पर्ने, गहुँत संकलन ट्यांकिको ब्यवस्था हुनु पर्ने र भकारो अर्थात मलखाद फाँक्ने खाडललाई घाम पानीबाट जोगाउनका लागि छानोको ब्यबस्था गरिनु पर्ने कुराहरूलाई आधार मानिने छ।

**९. अनुदान दिइने रकम ब्यबस्था**

कृषक छनौट गर्न उदयपुरगढी गाँउपालीका स्तरिय कृषि बिकास समितिको सिफारिसमा छनौट भएका घरधुरिलाई उदयपुरगढी गाँउपालीका कृषि बिकास शाखाले मुल्याङ्कन गरि प्रति भकारो सुधारका लागि ने. रू. १२००० (वाह्र हजार मात्र) अनुदान रकम उपलब्ध गराउने छ।

**१०. अनुदान दिईने रकम प्रबाहको ब्यबस्था**

भकारो सुधार कार्य सम्पन्न भएर सम्बन्धित प्राबिधिकले सो को गुणस्तर निरिक्षण गरि सम्बन्धित कृषि बिकास समितिको (ADC) को सिफारिस लिई सिफारिस प्राप्त कृषकलाई मात्र उदयपुरगढी गाँउपालीका कृषि बिकास शाखाले अनुदान उपलब्ध गराउँनु पर्नेछ।

११. **कार्यक्रमको अनुगमन ब्यबस्था**

कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि केन्द्रिय स्तरबाट माटो व्यवस्थापन निर्देशनालय तथा कृषि बिभागबाट, प्रदेश स्तरबाट सम्बन्धित माटो परिक्षण प्रयोगशाला तथा कृषि निर्देशनलयबाट र स्थानिय स्तरमा उदयपुरगढी गाँउपालीका कृषि विकास शाखा तथा कृषि सेवा केन्द्र बाट अनुगमन गर्ने व्यबस्था गरिने छ। सो अनुगमनका लागि प्रति भकारो सुधारको ५ प्रतिशत कन्टीजेन्सी वापतको रू ६००।- का दरले अनुगमनको लागि वा सो कार्यमा खटिने प्राबिधिकलाई खर्च व्यबस्थापन गरिने छ।

१२. **निर्देशन दिन सक्ने**

कार्यक्रमको सम्बन्धमा आवश्यकता अनुसार कृषि बिकास मन्त्रालय, प्रदेश मन्त्रालय, कृषि विकास निर्देशनालय, उदयपुरगढी गाँउपालीकाले अनुगमन निरीक्षण गरी निर्देशन दिन सक्नेछ।

१३. **बाधा अड्काउ फुकाउने**

यस कार्यविधि कार्यान्वयनमा अस्पष्ट एवं द्धिविधा उत्पन्न भएमा सो को समाधान उदयपुरगढी गाँउ कार्यपालीकाले गर्ने छ।



## अनुसुचि–१

आ.ब. २०७६/७७ को लागि नेपाल सरकार र उदयपुरगढी गाँउपालीकाबाट “भकारो सुधार कार्यक्रम” संचालनका लागि छनौट भएका वडा तथा लक्षित संख्या

| क्र.सं. | वडा कार्यालयहरु | लक्षीत संख्या |
|---|---|---|
| १ | तावाश्री क्षेत्र | |
| २ | माङसिङटार क्षेत्र | |
| ३ | जरुवा क्षेत्र | |
| ४ | डुम्रे क्षेत्र | |
| ५ | उदयपुरगढी क्षेत्र | |
| ६ | नेपालटार क्षेत्र | |
| ७ | हाडेवास क्षेत्र | |
| ८ | नरेटार क्षेत्र | |

<u>आज्ञाले</u>
**माधव सुवेदी**
**प्रमुख प्रशासकीय अधिकृत**